**नेपाली / *NEPALI***

म तपाईँलाई यो बताउन लेख्दैछु कि हामीले *Camp Randall* र *Kohl Center* मा हुने वसन्त स्नातक समारोहहरू *COVID-19* विश्वव्यापी महामारीको कारण स्थगित गर्न एकदम गाह्रो निर्णय लिएका छौँ। २०२० सालको कक्षाका सदस्यहरूका लागि मैले एउटा भिडियो सन्देश पनि रेकर्ड गरेको छु।

यस असाधारण समयमा हामीले गर्नु पर्ने सबै निर्णयहरूमध्ये यो मेरो लागि सबै भन्दा मुटु दुखाउने निर्णय रहेको छ। *UW* मा स्नातक समारोह भन्दा अरू राम्रो कार्यक्रम छैन जहाँ हामीले विद्यार्थीहरूलाई डिग्री प्रदान गरेर स्कूल सकेको अवसर मनाउँदछौँ।

हामीले यो निर्णय लिन सकेसम्म लामो समयका लागि कुर्यौँ, यस आशामा कि वसन्तको पछिल्लो भाग अलि राम्रो होला र हामी सबै सामान्य रूपमा जमघट गर्न सक्नेछौँ, तर तपाईँलाई थाहा नै होला, *CDC* र विस्कन्सिन प्रदेशले ठूला समूहका जमघटको बारेमा मार्गदर्शन जारी गरेका छन्। यसको मतलब यो हो कि मुख्य समारोह बाहेक, स्कूल, कलेज, विभाग र क्याम्पस संगठनहरूमा हुने स्नातक समारोहहरू पनि मे महिनामा आयोजना हुनेछैनन्।

हाम्रो समुदायको स्वास्थ्यको लागि यी महत्त्वपूर्ण र आवश्यक कदमहरू हुन्, तर मलाई थाहा छ कि यीनले तपाईँले महसुस गर्नुभएको तनाव र अनिश्चिततालाई बढाएका छन्। गएका केही हप्ताहरूमा हामी सबैले भोगेका उथलपुथलहरूले हाम्रो स्नातक विद्यार्थीहरूमा विशेष गरी गहिरो प्रभाव पारेको छ। तपाईँको लागि, यस अन्तिम सेमेस्टर तपाईँको डिग्री सक्काउने र तपाइँको संकाय सल्लाहकार, कक्षाका साथीहरू, परिवार, र साथीभाईहरूसँग वर्षौँको परिश्रम मनाउने समय हुनुपर्दछ।

कोरोना भाइरस विश्वव्यापी महामारीले धेरै कुराहरू बदलेको छ। तर यसले २०२० सालको कक्षाका उत्कृष्टत सफलताहरू बदलिँदैन।  तपाईँले रेकर्ड सङ्ख्यामा मतदान, ३०,००० घण्टा भन्दा बढी समुदायमा स्वयंसेवा, र *UW-Madison* लाई देशभरी नै #१ *Peace Corps* को स्वयंसेवक प्रदान गर्नुभएको छ। तपाईँ *Rhodes Scholar* को अन्तिम चरणमा पुग्ने व्यक्तिहरू, राष्ट्रिय च्याम्पियन खेलाडी, आविष्कारक, उद्यमी, र सीप र हौसलाका साथ हाम्रो देश र हाम्रो संसारलाई अझ राम्रो ठाउँमा लैजान समर्पित विद्यार्थीहरू हुन्हुन्छ।

स्नातक कक्षा अधिकारीहरूसँग सल्लाह गरेर, हामी एक *virtual* स्नातक समारोह विकास गर्दैछौँ जुन हामीले शुक्रवार, मे ८ मा सबै स्नातकहरूलाई तपाईँको अध्ययनको सफल समापनको उत्सव हेर्नका लागि अन्लाईन पोष्ट गर्नेछौँ। हाम्रा विद्यार्थीहरूले हामीलाई एउटा कार्यक्रम सिर्जना गर्न सहयोग गरिरहेका छन् जुन हामी यो जनस्वास्थ्य सङ्कटबाट निस्किएपछि सबैले उपस्थित हुने तरिकाले आयोजना गर्नेछौँ।

म जोड दिन चाहन्छु कि एक स्नातक समारोह आयोजना नहुनाले तपाई स्नातक हुनुहुन्न भन्ने होईन। तपाईँको डिप्लोमा तपाईँले कसरी पाउनुहुनेछ भन्ने कुरा हामीसँग जानकारी आएपछि साझा गर्नेछौँ। तपाईँले महत्त्वपूर्ण अपडेटहरू हाम्रो *Commencement* वेबसाईटमा भेट्न सक्नुहुनेछ।

म तपाईँहरू सबैमा ठूलो गर्व छ। तपाईँ यस्तो क्षणबाट यात्रा गरीरहनु भएको छ जसले सम्पूर्ण पुस्तालाई प्रभाव पार्दछ, र तपाईँले यो अनुग्रह, लचिलोपन, र करुणाका साथ बिताउँदै हुनुहुन्छ।

धन्यवाद। म मे महिनामा *virtual* रूपमा र पछि व्यक्तिगत रूपमा बधाई प्रदान गर्न प्रतिक्षा गर्दैछु।

अगाडि, विस्कन्सिन! *(On, Wisconsin!)*

कुलाधिपति Rebecca Blank